नेपाल सरकार
कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
कञ्चनपुर

फोन नं.०९९ ५२५९९१, ९८५८७५१६६५
इमेल:pmamp.piu.kanchanpur@gmail.com

प.सं.: २०७७/०७८
च.न.:

**विषयः सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना ।**
**प्रथम पटक प्रकाशित मितिः २०७७ /०६ /२०**

यस कार्यालयको स्विकृत कार्यक्रम अनुसार कार्यालय भवन मर्मत सुधार (अन्य सार्वजनिक सूधार) कार्यको लागि निम्न शर्तहरुको अधिनमा रही नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट रितपुर्वकको सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको छ ।

तपशिलः

१। दरभाउ पत्र फाराम रु १,०००।०० ( अक्षरेपी रुपैंया एक हजार मात्र ) ( पछि फिर्ता नहुने गरि ) तिरि यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म आवश्यक प्रमाणहरुः क. नवीकरण भएको इजाजतपत्रको प्रतिलिपि, ख. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, ग. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि निवेदन साथ संलग्न राखि निर्माण व्यवसायी वा निजको अधिकारप्राप्त व्यक्तिद्वारा कार्यालय समयमा खरिद गर्न सकिनेछ।

२। खरिद भएको दरभाउपत्र फाराम फर्मले सिलवन्दी गरि खाम वाहिर आफ्नो फर्मको नाम, ठेगाना, ठेक्का नं. र कामको विवरण स्पष्ट उल्लेख गरि सिलवन्दी गरि यस कार्यालयमा यो सुचना प्रकाशित भएको १६ औ दिनको १२।०० बजे भित्र दर्ता गरि सक्नु पर्नेछ। दर्ता भएका दरभाउ पत्रहरु सोहि दिनको २।०० बजे यस कार्यालयमा सरकारी प्रतिनिधि, फर्मको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। उक्त समयमा फर्मको वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि सिलवन्दी दरभाउपत्र खोल्न बाधा पुग्नेछैन।कारणवश सिलवन्दी दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खोलेको दिन सोहि समयमा हुनेछ।

३। दरभाउपत्र शर्त रहित, केरमेट नभएको हुनु पर्नेछ।यदि केरमेट भएमा केरमेट भएको ठाँउमा दरभाउपत्रदाताको दस्तखत र छाप भएको हुनु पर्नेछ।

४। तपशिलमा उल्लेखित धरौटी वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, कञ्चनपुरको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैंक, महेन्द्रनगर शाखामा कार्यालय कोड नं. ३१२००७६०२ को धरौटी खाता नं. ४१८०२०३०००००० मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटिमा ७५ दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी ( विड वन्ड ) संलग्न हुनु पर्नेछ।

संज्जु उपाध्याय रिमाल
वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
कञ्चनपुर
फोन नं.०९९ ५२५९९१, ९८५८७५१६६५
इमेल:pmamp.piu.kanchanpur@gmail.com

प.सं.: २०७७/०७८
च.न.:

५। दरभाउपत्रमा प्रत्येक आईटमको दररेट भ्याट बाहेकको अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ। केरमेट भएको स्थानमा सहि छाप गर्नु पर्नेछ। दरभाउपत्र फारमको प्रत्येक पानामा सम्बन्धित दरभाउपत्रदाताको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ।

६। एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन।

७। म्याद नाघी आएको, रित नपुगेको, शर्त राखिएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन।

८। यस सूचनामा उल्लेख भए बाहेकका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

९। दरभाउपत्र पुर्ण र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०। सूचना सम्वन्धी थप जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

| ठेक्का नं. | विवरण | ल.ई. रकम रु. (कन्टिन्जेन्सी र भ्याट बाहेक) | धरौटी रकम रु. | दरभाउ पत्र दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| ०१/२०७७-७८ | कार्यालय भवन मर्मत सुधार (अन्य सार्वजनिक सूधार) | १६,९०,५३१।८५ | ५०,०००।०० | १,०००।०० | |

०६/२०

सन्जु उपाध्याय रिमाल
वरिष्ठ कृषि अधिकृत

"आत्मनिर्भर अर्थतन्त्रकालागि कृषिको आधुनिकीकरण, विशिष्टिकरण र औद्योगिकीकरण"